# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके ।

लिलाम बिक्रिको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी २१ (एक्काईस) दिने सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/११ गते।)

लिलाम सूचना नं.०२/०७७/७८

यस नेपालगञ्ज उप-महानगरपालिका वडा नं.८ स्थित नगर भवन परिशरमा दक्षिण तर्फ रहेको पुरानो भवन तथा सो संगै रहेको सेड जे जस्तो अवस्थामा छन् सोही अवस्थामै भत्काई लैजानका लागि बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सस्थाबाट रितपूर्वक तपशिलमा उल्लिखित शर्तहरुको अधिनमा रही आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-७, नियम ५८ को उपनियम (८) बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्न यो सूचना प्रकाशित गरीएको छ। बोलपत्र फाराम यस कार्यालयको खरिद इकाईबाट खरिद गर्न सकिनेछ। साथै आफुले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने धरौटी रकम यस उप-महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक, धम्बोझिमा रहेको धरौटी खाता नं.४१३०१००३०३००००२ मा जम्मा गरी सो को सक्कल भौचर सिबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ। थप जानकारीको लागि यस कार्यालयको खरिद इकाईमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**देहायः**

| सि.नं | सामानको विवरण | न्यूनतम मूल्य |
|---|---|---|
| १ | भवन तथा सेड | रु.१७५०५३.२९ (अक्षरुपी एक लाख पचहत्तर हजार त्रिपन्न पैसा उनन्तिस मात्र) |

शर्तहरुः-

१. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अन्यको हकमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति सहित रु.१०००.०० फिर्ता नहुने गरी बुझाएको आम्दानी रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र खरिद गर्न सकिने छ।

२. आफुले खरिद गर्ने बोलपत्र सम्बन्धी कागजातहरु व्यक्ति भए स्वयं र अन्य भए आधिकारिक प्रतिनिधीले सहिछाप गरी सिलबन्दी खाम बाहिर "श्री प्रमुख प्रशासकीय अधिकृत, नेपालगंज उप-महानगरपालिका, लिलाम सूचना नं. र बोलपत्रदाताको नाम" उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले २१औं दिन कार्यालय समय भित्र खरिद गरी २२औं दिन मध्यान्न १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। यसरी दर्ता हुन आएको बोलपत्र सोही दिन अपराहन्न २.०० बजे देखि कार्यालय प्रतिनिधी र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारीक प्रतिनिधीको रोहवरमा यस उप-महानगरपालिकामा खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. आफुले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी वापतको रकम यस उप-महानगरपालिकाको रा.वा.बैङ्क, धम्बोझि शाखामा रहेको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा व्यक्ति वा फर्मको नामबाट रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पेश गर्नु पर्नेछ।

४. आफुले कबोल गरेको मूल्य (मू.अ.कर बाहेकको रकम) अङ्क र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५.बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र पुरै रकम दाखिला गरी १५ दिनभित्र भवन तथा सेड भत्काई लैजानु पर्नेछ। धरौटी रकम पछि आर्थिक प्रशासन शाखाबाट फिर्ता गरीनेछ।

६. बोलपत्र खरिदकर्ताले मालसामानको भौतिक अवस्था हेर्न चाहेमा कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

७. बोलपत्र सम्बन्धी कागजातहरु खरिद/दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सो को भोलीपल्ट कार्यालय खुल्ने दिन सोहि समयमा हुनेछ।

८. बोलपत्र भर्दा न्यूनतम मूल्य भन्दा कम रकम कवोल गर्न पाइने छैन र आफुले कवोल गरेको मूल्यमा नियमानुसार मु.अ.कर लाग्नेछ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. यस सम्बन्धी अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत